# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. १३६८

मितिः२०८०/१०/२९
ने.स. ११४४ सिल्लाथ्व, ३ सोमबार

**विषयः- न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धमा ।**

श्री सबै वडा कार्यालय (१-८)
सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०८१/०८२ मा न्यूनतम रोजगारीमा संलग्न हुनका लागि स्थायी बसोबास गर्ने बेरोजगार (उमेरः १८-५९ बर्ष समूहका) व्यक्तिहरुले पारिवारिक विवरण सहित मिति २०८० फागुन महिना भरी सम्बन्धित वडा कार्यालयमा गई 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५' को अनुसूचि-१ बोमोजिमको ढाँचामा बेरोजगार दर्ताको लागि निवेदन दिनुहुन अनुरोध छ ।

**निवेदनका साथ आवश्यक पर्ने कागजातहरुः**

१. निवेदकको पासपोर्ट साइज फोटो १,(थान)
२. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ ,(थान)
३. सीप सिकेको हकमा सीप सिकेको प्रमाणपत्रको प्रतिलिपी १ ,(थान)
४. निवेदकको परिवार सदस्यको नागरिकता प्रमाणपत्र वा नागरिकता नभएको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी १ (थान)

**नोटः** गत आ.व.मा फाराम भरेका तथा नविकरण गरेका व्यक्तिले समेत पुनः फाराम भर्नुपर्ने छ । सम्पूर्ण निवेदनहरुलाई रोजगार व्यबस्थापन सुचना प्रणाली (EMIS) मा रोजगार सेवा केन्द्रले प्रविष्ट गरेपछि मात्र कार्यान्वयन प्रकृया अगाडि बढाउने भएकाले फाराममा भएका सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा नभरेको खण्डमा सो उपर कुनै कामकारबाही नगर्ने कुरा समेत जानकारीको लागि अनुरोध छ ।

(गोविन्द भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः** श्री सूचना तथा प्रविधि शाखाः सूचना website मा upload गरिदिनुहुन ।

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"*

ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०